नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
( कर्मचारी प्रशासन शाखा)

फोन नं. ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं. ४१०६७५७
इमेल : info@dos.gov.np

मिनभवन,
काठमाडौं, नेपाल

पत्र संख्या:- १/१/०७५/७६
प्राप्त पत्र संख्या:................
च.नं.: १५२४

मिति : २०७५/११/१

**विषय :- परिपत्र सम्वन्धमा ।**

**श्री नापी विभाग, खगोल तथा भूमापन महाशाखा, मिनभवन ।**
**श्री नापी विभाग, स्थलरुप नापी तथा भू-उपयोग व्यवस्थापन महाशाखा, मिनभवन ।**
**श्री नापी विभाग, कित्तानापी महाशाखा, मिनभवन ।**
**श्री भौगोलिक सूचना तथा पूर्वाधार महाशाखा, मिनभवन ।**
**श्री नापी विभाग, आ.प्र. शाखा ।**
**श्री नापी कार्यालयहरु सवै ।**

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय (प्रशासन शाखा) को प.सं.२०७५/०७६/१(१)१५४ च.नं.१४३४ मिति २०७५/१०/२९ को निर्णय कार्यान्वयन सम्बन्धी पत्रको छाँयाप्रति र उच्च व्यवस्थापक समुहको बैठकको निर्णय यसैसाथ संलग्न राखी पठाईएको छ । उक्त निर्णय कार्यान्वयन गर्न गराउन हुन आदेशानुसार अनुरोध छ ।

**( रोशनी कुमारी श्रेष्ठ )**
**उप-सचिव**

**बोधार्थ :**

श्री नापी विभाग, अनुगमन मुल्यांकन तथा समन्वय शाखा ।
श्री नापी विभाग, सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा : यो सुचना विभागको Website मा प्रविष्ट गरिदिनु हुन ।

Page No.:
Date :

निर्णय:

१. सरुवा भएका कर्मचारीहरुलाई खटाइएको कार्यालयमा जान तत्काल रमाना दिने।

२. कमर्चारी अभावबाट कार्यालय सञ्चालन गर्न बाधा परेका कार्यालयहरुमा तत्कालै कर्मचारीको व्यवस्थापन गर्ने ।

३. भूमिसुधार कार्यक्रमः मुक्त कमैया तथा हलिया पुनर्स्थापन कार्यक्रम अन्तर्गत घर निर्माणको पहिलो किस्ता रकम भुक्तानी लिई सो रकम फर-फारक नगर्ने र दोस्रो किस्ता रकम भुक्तानीको लागि सम्पर्कमा नआउने मुक्त कमैया र हलियाहरुलाई कार्यालयमा सम्पर्क राखी पेश्की फर्छ्यौट गराई अन्तिम किस्ता भुक्तानी लिनको लागि सार्वजनिक सूचना मार्फत सूचना दिने र यस पछि पनि सम्पर्कमा नआउने व्यक्तिहरुको नाम लगत कट्टा गर्ने प्रक्रिया अगाडी बढाउन विवरण संकलन गर्ने।

४. मन्त्रालय वा अन्तर्गतका निकायबाट कुनै पनि कार्यक्रममा व्यक्तिगत हैषियतबाट पत्राचार गरी सहभागिताको लागि वैदेशिक भ्रमणमा जाने कर्मचारीहरुले अनिवार्यरुपमा आवेदन गर्न मन्त्रालयबाट स्विकृति लिने र मन्त्रालयबाट मनोनयन भए पछि मात्र वैदेशिक भ्रमणमा जाने व्यवस्था मिलाउने।

५. मिति २०७५/०९/२७ गते कृषि योग्य जग्गाको खण्डीकरण सम्बन्धमा मन्त्रालयबाट जारी गरिएको निर्देशनलाई थप स्पष्ट पारी कार्यालयहरुलाई जानकारी गराउने।

६. बेरुजु फर्छ्यौटलाई उच्च प्राथमिकता दिई कम्तिमा ६० प्रतिशत बेरुजु फर्छ्यौट हुने गरी कार्य गर्ने।

७. वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना अनुरुप कार्यक्रम कार्यान्वयनको प्रगति स्तर उच्च पार्ने र कार्यक्रमहरु संशोधन गर्नु पर्ने विषयहरु एकमुष्ठ र तत्काल पठाउने व्यवस्था गर्ने।

८. मन्त्रालयबाट माग भएका राय/प्रतिक्रिया र विवरणहरु गम्भिरता पूर्वक अध्ययन गरी यथाशिघ्र पठाउने व्यवस्था गर्ने।

९. डिजिटल डाटाको वितरण, प्रयोग र नियमन निर्देशिका र भू-उपयोग कार्यान्वयन कार्ययोजनाको मस्यौदामा भूमि व्यवस्थापन तथा अभिलेख विभाग र नापी विभागले ७ दिन भित्र आफ्नो राय/प्रतिक्रिया पठाउने।

१०. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट माग भएको क्षेत्रगत सूचक अनुसार विश्लेषण एवं Gap मापन कार्यक्रमको सन्दर्भमा भूमि व्यवस्थापन तथा अभिलेख विभाग, नापी विभाग र सहकारी विभागले ५ दिनभित्र विवरण उपलब्ध गराउने।

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(योजना, अनुगमन तथा मूल्यांकन महाशाखा)

अनुगमन तथा मूल्याङ्कन शाखा

सिंहदरबार, काठमाडौं

पत्र संख्या: अ./२०७५/७६ |१७५८

च.नं. १४२४

मिति: २०७५/१०/२९

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल।

श्री नापी विभाग, मीनभवन।

श्री सहकारी विभाग, नयाँ बानेश्वर।

श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल।

श्री गरीब घर परिवार पहिचान तथा परिचय पत्र वितरण समन्वय बोर्डको सचिवालय।

श्री भूमिसुधार तथा बसोबास व्यवस्थापन शाखा।

श्री गरिबसंग विशेश्वर कार्यक्रम।

मिति २०७५/१०/२८ गतेका दिन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिवज्यूको संयोजकत्वमा बसेको उच्च व्यवस्थापक समूह (Senior Management Team (SMT)) को बैठकको निर्णयको छायाँप्रति यसैसाथ संलग्न राखी कार्यान्वयनको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

बोधार्थ:

श्री प्रशासन, सहकारी तथा गरिबी निवारण महाशाखा।

श्री भूमि व्यवस्थापन महाशाखा।

Ananda

(आनन्द पौडेल)

नापी अधिकृत

३२९६

२०७५।११।१